# तानसेनका ढलौट तथा कांसका भांडाकुंडा आदि बनाउने बांडा समुदायको सामाजिक तथा आर्थिक जीवन

-ऋषि केशव राज रेग्मी

## परिचयः

यस प्रतिवेदनमा लेखिएका कुराहरू मेरो करीब एक महिनाको अनुसन्धान र सर्वेक्षणको परिणाम हो। श्री ५ को सरकार, पुरातत्व विभागको कार्यक्रम अन्तर्गत २०३४ साल ८ वैशाख देखी ५ ज्येष्ठ, ०३४ सम्म यो सर्वेक्षण गरिएको हो। सर्वेक्षण केवल प्रारम्भिक हो। (यस प्रतिवेदनमा रहेका तथ्याङ्कहरू आफैंबाट जम्मा गरिएका हुन।) नेपाल अधिराज्यको लुम्बिनी अंचल, पाल्पा जिल्लाको सदर मुकाम तानसेनमा रहेका शाक्य समुदायको शायद यो प्रारम्भिक मानव शास्त्रीय अध्ययन हो। नगरीय वातावरण, व्यापारको प्रविधिमा दिन प्रति रूमल्लिदै सयौं वर्ष देखि ढलोटका काम गर्ने यी कालिगढहरूको आर्थिक अवस्था दिन प्रति दिन क्षीण भैरहेको देखिन्छ। वंश वंशजबाट कांसका भांडा कुडा र ढलोटका काम गर्ने यो समुदायको सांस्कृतिक विधामा निकै परिवर्तन आई रहेको छ। मनोरम, सुन्दर, शान्त एवं स्वस्थकर हावापानी भएको यो नगरमा बसोवास गर्ने यी कालीगढहरू शिक्षामा राम्रो संग दखल गर्न नसकेका भए पनि पेशामा परिवर्तन आउने वंशजमा भैरहेको देखिन्छ। एक दशक भित्र सयकडौं परिवारले कालिगढीको पेशा छाडी व्यापार र नोकरी गर्न थालेका छन्। यी सबका कारणहरू छोटकरी लेखिएको छ। आफ्नो सीमित साधन र आधारमा खासगरी त्यस ठाउँको ऐतिहासिक महत्व, कालिगढको सामाजिक तथा आर्थिक स्थितिको अध्ययन मानव शास्त्रीय सिद्धान्त र विधिको आधारमा गर्ने प्रयास गरेको छु। समयको अभाव र प्राविधिक सुविधाको अभावमा गरिएको यो सानो प्रयासले आगामी समयमा हुने व्यापक अनुसन्धानको लागि निकै मदद मिल्ने छ भन्ने मलाई लागेको छ। पाल्पा जिल्लालाई आफ्नो सीप र मूर्तिकलाले समस्त अधिराज्यमा चिन्हाउने यी कालिगढहरूको बढ्लिदो परिस्थिति र क्षीण भैरहेको पेशालाई पुनः प्रोत्साहित गर्न सबै सम्बन्धित पक्षलाई सजग बनाउने काममा यो प्रतिवेदन सहायक हुने छ भन्ने आशा पुरातत्व विभागले लिएको छ।

यस प्रतिवेदनमा शाक्य समुदाय भन्नाले बांडा समुदाय मानिएको छ। स्थानीय प्रचलनमा कांसका भांडाकुडा बनाउने, मूर्ति बनाउने तथा अन्य ढलोटका काम गर्नेहरूलाई बांडा समुदाय भनिन्छ। यस शब्दको प्रयोग स्थानीय प्रचलनको आधारमा गरिएको हो। जाति, जातको ठाउँमा पनि यही शब्दनै प्रयोग गरिएको छ। शाक्य भन्नाले,

---


**मेरो अध्ययन कालमा ठिको नमानीकन टक्सार टोलका शाक्य समुदायका श्री दुर्गमान शाक्य (भू. पु. रा. पं. स र हाल जि. पं. स). नगर पंचायतका सदस्य प्रेमजोलाई तथा जयमान शाक्य र अन्य सहयोगी मित्रहरूलाई धन्यवाद दिन चाहन्छु।**



तानसेन नगर



तानसेन नगरको केही पुराना घरहरू



पाल्पाली हुक्का

बृहत रूपमा अध्ययनको लागी वज्राचार्यलाई पनि लिइएको छ ।

## समुदाय र वसोवासको तरीका

तानसेन नगरको गोलाकार विन्दुमा टक्सारको वस्तीलाई एक एकाईको रूपमा लिने हो र यहांका बासिन्दाहरू जस्तै नकर्मी, श्रेष्ठ, उदास, नाउँ कसैं, सुनार, जौशी र बाहुन जातिको वसोवास गर्ने तरीका र घरहरूको वनोट र स्थितिलाई आधार बनाउँदा टक्सारका शाक्य अथवा बाँडा समुदायहरुलाई प्रमुख बासिन्दाको रूपमा केन्द्र विन्दु नै मान्न सकिन्छ । एक हजार जनसंख्या भएको टोलमा शाक्य र वज्राचार्य मिली ३२२ जनसंख्या पुग्दछ । त्यस पछि श्रेष्ठहरुको ११३ जनसंख्या आउँछ । टक्सारको वस्ती र बसोबासको तरीकाको अध्ययनवाट यहाँको वसोवासको लागि जाति वा समुदायको ठूलो भूमिका रहेको छ । जातिको आधारमानै यहाँको बस्तीको बनोट र विकास रहेको देखिन्छ । सबैभन्दा पहिला यहाँको वस्तीमा बाँडाहरू (शाक्य) नै वसोवास गर्न आए । त्यसपछि श्रेष्ठ, नकर्मी, नाउँ, उदास, कसै आदिहरू अनि बाहुन परिवार र सुनार आएको देखिन्छ । चारैतिर छरिएर रहने बस्ती भन्दा फरक यो एकै समूह वा एकै पंक्तिमा झुण्डको रूपमा विकास भएको वस्तीमा जातिको आधारनै भएको देखिन्छ ।

त्यसकारणले यस्तो किसिमको बस्तीको विकास अनि विभाजन जातको आधारमा भएको पाइन्छ । जस्तो कि टक्सारमा केही शाक्यहरूको घर नजिक नजिक छ। कतै कतै त एक घरसंग अर्को घर टांसिएको देखिन्छ । त्यस पछि नकर्मी, नाउँहरू, श्रेष्ठहरूको निवासस्थानको रूपरेखा पनि त्यस्तै देखिन्छ । यस वस्तीमा पनि सुनारको घर टोलको पुछारमा र कसैको छ सात घर टोलको माथिल्लो भागमा रहेवाट बस्तीको बनोट र विकास जाति र जातीय धर्म र पवित्र अर्थात माथिल्लो समूह र तल्लो पानी नचल्ने समूह भन्ने देखिन्छ । शाक्यहरू गणेश स्थान, महादेवस्थान निर र वस्तीको बीचमा रहने गरेको वाट यो स्पष्ट हुन्छ। बाहुनका चार परिवारहरू पनि गणेशस्थान क्षेत्र भन्दा पश्चिम तिर अलग्गै रहेवाट वस्तीको विकासको आधारमा जात र शुद्ध र अशुद्ध, पानी चल्ने र नचल्ने सिद्धान्तको आधारमा भएको पाइन्छ ।

मन्दिरहरूको पुजारीका (वज्राचार्यका) हकमा उनीहरू आफुलाई शाक्य भन्दा माथिल्लो समूहमा गन्दछन् । यसरी यहाँवाट जातको विभाजन कार्यको आधारमा भए जस्तै बस्तीको विकासमा पनि भएको देखिन्छ ।

यसरी एकै समूहका परिवारहरूको एकै क्षेत्रमा घरहरू बनेको देखिदा सामाजिक रूपमा यो समूह एउटै झुण्डको रूपमा एकत्रित भएको तस्वीर हामी देख्दछौं । त्यहाँका बासिन्दाहरूको सोधपूछ र अन्तर्वार्तामा पनि यिनै कारण रहेको मैले पाएँ । पछि पछि नयाँ घरहरूको निर्माण हुन थालेपछि र सामाजिक परिवर्तनलाई राजनैतिक र प्रशासनिक गतिविधिले योजनावद्ध तरीका र देशको व्यवस्था र परिपाटी अनि मुलुकी ऐन अनि शिक्षाले प्रभाव पार्दै लगेपछि कुनै परिवारले पनि यहाँ पनि आफ्नो घर बनाउन थालेको देखिन आउँछ । यस्ता उदाहरणहरू टक्सार वा तानसेन वजारमा प्राप्त भै नै रहेका छन् ।

टक्सारको बस्तीमा बसोबास गर्ने समुदायहरूमा आपस आपसको टोलको स्नेह अद्यावधिनै रहन्छ । सकेसम्म टोलका प्रत्येक सदस्य टोलको भलाईको लागि एकतामा आउने गरेको पाइन्छ । एकै टोलमा बस्नेहरूले प्रत्येकको दुःख सुखमा सदा सहयोगको भावना देखाउने गरेको पाइन्छ नै भन्नु पर्दछ । भाषा, नाता, धर्म, स्थानीय परम्परा, धार्मिक पर्वहरूले एकले अर्कोलाई सामाजिक कुरामा सहयोगको भावना बढाई रहेकै देखिन्छ । एकै बस्तीमा बसेकाहरूलाई नजिकैको आर्थिक संवन्ध र सामाजिक संवन्धले एकले अर्कालाई वाँधिरहेको हुन्छ । यसले गर्दा टोलमानै कसलाई के के भएको छ र दुःख सुखमा सहभागी गराउने र सहयोग गर्ने सुन्दर परम्परा बसेको पाइन्छ ।

आजभोली प्रशासन र बदलिदो आर्थिक स्थितिले भने टोलको एकतालाई कुनै न कुनै रूपमा क्षीण बनाएको छ । यातायातको सुविधा र मानिसहरूको बढ्दो

जनसंपर्क अनि विभिन्न समुदायहरू संगको सामाजिक घुलमिलको असरलाई पनि विर्सन सकिदैन। विशेष गरेर बढ्दो आर्थिक विषमता, आर्थिक भार र संयुक्त परिवारको विखण्डन, पेशा परिवर्तन र व्यापारको परिवर्तनले गर्दा धेरै परिवारहरू बुटवल, पोखरा आदि तिर बसाई सराउने प्रक्रियामा समेत लागेको पाइन्छ। तर पनि यहाँको प्रत्येक समुदायमा कसैले आफ्नो खास संस्कृति र परम्परा एवं अभ्यासलाई छाडेका छैनन्।

बस्तीको बनोट र तरीकाले सामाजिक जीवनमा महत्वपूर्ण भूमिका निभाएको हुन्छ। बस्तीको व्यवस्थाले जीवनका अन्य सामाजिक पक्षलाई असर पारेको हुन्छ। यहांको परिवेश र वातावरणले केटाकेटीहरूको मित्रता, असल छिमेकीको परम्परा, एउटै पेशाले गर्दा आर्थिक सहयोगको घेरा बढाउंदै लैजाने गरेको थियो भन्ने बुझिन्छ। सबै भन्दा ठूलो फायदा आपस आपसको घुलमिल र त्यसपछि आउने सौहार्दपूर्ण निष्कपट भावनाको सूत्रपातनै हो।

घरहरूको नमूना:

टक्सारटोलमा जम्मा ७९ (उन्नासी) वटा घरहरू छन्। त्यसमध्ये सबै घर टिनले छाएका छन्। यहांका घरमा गेरु रंग (ओकर *Ochre* रंगको) ले प्रायः लेप लगाइन्छ। यहाँका घरहरू १९६४ सालको आगलागी पछि नयाँ बनेका हुन। त्यतिवेला वरपरका गाउँघरबाट खर सजिलैसंग पाईने घरको छाना खरबाटै बन्दथ्यो। दोश्रो पल्ट पनि पुरानो बस्तीमा आगलागी भएकोले सबैले टिनको छाना लगाउन थाले। यहांका घरहरू कांचो माटोको ईंटाले बनेकाछन्। दुइचार घरहरू आजभोली भैरहवा मणिग्रामबाट ल्याइएको ईटबाट बन्दैछ। यस्तो प्रकारको पक्का घर बन्न थालेको सिद्धार्थ राजमार्गको सुविधाले गर्दा हो। तानसेनको माटोमा बढ्ता वालुवा भएकोले यहाँ पोलेको ईंट राम्रो बन्दैन। त्यसैले मणिग्राम (रूपन्देही जिल्ला) बाट ल्याइन्छ। यहाँबाट पक्का ईँट एक हजारको रू ३५०/– मा तानसेन पुर्याइन्छ। परम्परागत कांचो ईँटको घर भन्दा नया पक्की ईँटको घर बनाउनेलाई सामाजिक प्रतिष्ठा दिने गरिएको देखिन्छ। पहिले पहिले नजिकका जंगलमा सस्तो काठ र ढुङ्गा पाइन्थ्यो। त्यसैले पुराना घरमा कांचो ईँट, काठ, ढुङ्गानै बढी प्रयोग गरेको देखिन्छ। यहाँ (टकसारका) प्रायः घरहरू स्थानीय साधन र सीपबाट बनेका थिए भन्न सकिन्छ। यहाँको घरमा शायद सिद्धार्थ राजमार्ग खोलेपछि मात्र सिमेन्टको प्रयोग गरिन थाल्यो। दुई तल्ले घर, भान्सा बुईगलमा, कालिगढी काम गर्ने तल्लो तलामा र बीचमा सुत्ने कोठा बनेको प्रचलन पाइन्छ। तानसेनमा सिमेन्टले ढलान गरी बनेको जम्मा घर दुइवटा मात्र छन्, जस्मा टक्सारमा एक पनि पर्दैन। चर्पी वारीको बेग्लै एक कुनामा भएको पाइन्छ। प्रत्येक घरको पछाडी प्रायः सबैको तरकारी वारी पनि पाइन्छ।

आधुनिक नगरीय वातावरण र सुविधाहरूको प्रत्यागमनले तानसेनमा सिमेन्टको प्रयोग बढीनै रहेछ र टक्सार पनि यसबाट अलग्गेको छैन। यहाँका घरहरूमा टिपकारको चलन बढ्दैछ तापनि टक्सारका घरहरूमा कांचो माटोमा गोवर भूस मिसेर पोत्ने र राले (*Ochre*) रंगको माटोले घर पोत्ने चलन छ। यहांका धनी वर्गहरूले तेल (मट्टीतेल र तोरीको तेल) को टिनलाई काटी बनाएका छानाहरूलाई निकाली ठूलो कर्कट पाताको छाना लगाउने गरेका छन्। घरको छाना, सिमेन्टको प्रयोग, काशको जम्मा गर्ने अभ्यास बाटनै व्यक्तिको सामाजिक मान मर्यादा बढेको पाईन्छ।

टेवल–१

## परिवार र जाति जनसंख्याको अनुपातमा

| सि. नं | जात | परिवार | जनसंख्या |
|---|---|---|---|
| १. | बाहुन | ४ | ३३ |
| २. | शाक्य | ३७ | ३२२ |
| ३. | श्रेष्ठ | ११ | ११३ |
| ४. | ज्यापु | ४ | ४४ |
| ५. | उदास | ३ | २१ |
| ६. | नकर्मी | २ | ७ |
| ७. | नाउँ | २ | १० |
| ८. | सुनार | १ | ७ |
| ९. | कसैं | ६ | ७३ |
| | जम्मा | ७० | ६३० |

## टक्सार टोलको बस्ती

टक्सार तानसेन नगर पञ्चायतको एक वडा हो । यो तानसेन वजारको एक टोल भएकोले यहाँको बस्तीको घरहरू एक प्रकारसंग एकले अर्कोलाई टांस्दै निर्माण गरिएका छन् । यहाँको वस्तीको निर्माणको तरीका (*Pattern*) नेपाल अधिराज्यका पुराना शहरहरूमा झैं छ । तुलनात्मक दृष्टिकोणले हेर्ने हो भने काठमाण्डौं उपत्यकाको पाटन वा भक्तपुर नगरमा जस्तै देखिन्छ । यहाँको वस्तीको (*Settlement*) तरीका पहाडमा र तराईका कतिपय छरिएर रहेका वस्तीसंग मेल खादैन । तानसेन एक (*Nucleated Type*) झुण्ड रूप विकसित भएको र वस्ती भएको नगर हो । टक्सार टोलको वस्ती पनि यस्तै प्रकारको छ । घरका भित्ता समेत कुनै कुनै घरसंग जोडिएको छ । रातो माटो यहाँ प्राप्त हुनाले हर घर रातो माटोले पोतिएको छ ।

टक्सार टोलको कसरी नामाकरण भयो:

टक्सार टोलमा आई वस्ने प्रमुख समुदाय मध्ये धेरै जनसंख्या र परिवार भएका शाक्यहरूनै देखिन्छन् । शाक्यहरूको मातृभाषा भएपनि नेपाली भाषा राम्रै वोल्दछन् । टक्सार टोल तानसेन नगरको वस्तीको विकासको संदर्भमा द्वितीय हो भन्ने मलाई लाग्छ । सवैभन्दा पहिला यहाँ पाटन भक्तपुरबाट वस्ती सराई सरी आउने तानसेनका अन्य नेवार समुदाय मध्येका परिवारहरूले भीमसेन टोल, नारायण टोल, असन टोल, शितलपाटी हुदै माथी वसन्तपुर र कैलाश नगर सम्म घरहरूको निर्माण गरेको देखिन्छ । टक्सार नाम यहाँ वस्ने पाटन बाट आएका केही मूर्ति र ढलोट वा अन्य त्यस्तै कार्य गर्ने परिवारहरू श्री ५ पृथ्वी नारायणशाहले नेपाल एकीकरणको महान अभियान सफलिभूत पारे पछि मात्र तानसेनमा आएका थिए भन्ने अनुमान गरिन्छ । उनीहरू पाटनबाट यहाँ आउदा कोहीले अन्य जातका आइमाई संग विहे गरेर आएका, कसैले उपत्यकामा अनेकौं सामाजिक, आर्थिक तथा पारिवारिक कारणले गर्दा आएका थिए भन्ने मैले अन्तर्वार्ता लिएका बुढापाकाहरू र केही परिवारहरूले भनेका थिए । टक्सार टोल यस वस्तीमा टक मार्ने काम गरिने भएकोले नामाकरण गरिएको हो । टक मार्ने काम सेन राजाहरूकै पालादेखिनै थियो भन्ने गरेको पनि पाईन्छ (१) ।

यहाँ टक लगाइएका मुद्रा दक्षिणमा गोरखपुर सम्म पनि चलन चल्तीमा रहेको कुरा ऐतिहासिक तथ्य भैसकेको छ । पछि राणाकाल सम्म पनि यहाँ टक मार्ने काम भैरहेको थियो । यस बस्तीमा टक मार्ने काम वि. सं. १९६५ सम्म रहेको पाइन्छ ।

टक्सार गणेश स्थान भन्दा मुन्तिर श्री तेजवहादुर गुभाजुको घरमा त्यतिताका सम्म टक मार्ने काम हुन्थ्यो । टक अन्य बांडाहरूको परिवारमा पनि गरिन्थ्यो तापनि मुख्य टक मार्ने घर भने यही नै थियो भन्ने यहाँका बुढापाकाहरूको भनाई छ । आजसम्म पनि यस मुख्य घरलाई टक्सारका ढलौटका कालिगढहरूले घरको तिरोको रुपमा वर्षको ६ पैसाको दरले दिने गरेको पाइन्छ । उक्त रकम तेज वहादुरले अद्यावधि पनि उठाउने गरेको पाइन्छ । उहिले उहिले यस टोलमा टक मार्ने कार्य हुँदा ठूलो चहल पहल हुन्थ्यो । राज्यको प्रशासनले पनि ठूलो चाख लिने गर्दथ्यो । त्यसैले जतिपनि शाक्यहरू वा अन्य ढलोटका कालिगढहरू काठमाण्डौ उपत्यकावाट आए टक्सारमानैं घर बनाई, तानसेनमानैं विहेवारी गरि वस्ती वसाउन थालेका थिए । हावापानी राम्रो, पश्चिमाञ्चल क्षेत्रको प्रमुख प्रशासनिक केन्द्र र धार्मिक दृष्टिकोणले पनि महत्वपूर्ण भएको र तानसेनमा अन्य नेवार समुदायका धेरै वस्ती बढेको जानकारी मिलेपछि काठमाण्डौबाट शनैःशनै तानसेन आउदै घरवार वसाई रहने गरेको बुझिन्छ ।

पहिला पहिला टक्सारमा वस्ने बाँडा समुदायहरूले पैसाको आकारमा तामालाई काट्थे र नाईकेको (मुख्य घर) मा गएर दिने गर्दथे ।

## बांडाहरूको आर्थिक अवस्था

तानसेन नगरमा अन्दाजी ७५% नेवार समुदायको बसोवास भएको देखिन्छ । त्यसैगरी यस टक्सारमा वस्ने निवासीहरू मध्ये सवै भन्दा बढी संख्या नेवार

१ मेची देखि महाकालीः भाग ३, पृष्ट संख्या ७७९

समुदायकै भएको देखिन्छ । टक्सारमा यस अध्ययन कर्ताको समयमा एकहजार जनसंख्या भएको पाइयो । पुरा जन संख्या मध्ये ३२२ शाक्यहरूकै वहुसंख्या भएको देखिन्छ । यस टोलमा ब्राह्मण परिवार ४ को ३३ जवान र एक सुनार परिवारको सात जवान भएको देखिन्छ (टेवल १) । यसवाट के स्पष्ट हुन्छ भने यहाँको वस्ती निर्माण कै वेलादेखिनै यहाँ शाक्यहरूको बहुसंख्या थियो । त्यसपछि श्रेष्ठहरू, ज्यापु, उदास, नकर्मी कसै आदि आएर वसेको बुझिन्छ ।

टक्सारमा वस्ने प्रायः सवै शाक्यहरूका पेशा शुरू शुरूमा ढलोटको काम गर्ने, कांसको थाल, कचौरा, अंखरा, करुवा, हुक्का, पित्तलको र तामाको गाग्री आदि बनाई वेच विखन गरी खाने नै थियो । यता एक दशक देखि देशमा नयां राजनैतिक व्यवस्थाको शुरुवात र नयां विकास को लहरमा धेरै परिवारहरूले कालिगढी, अर्थात ढलोटका काम गर्ने पेशालाई छाडेका छन् । तानसेनमा विद्याको लागि स्कूल, क्याम्पसहरू भएकाले शिक्षामा पनि विशेष जोड दिइने गरेको बुझिन्छ ।

२०१६ साल सम्म पनि १६।१७ परिवारले ढलोटका काम गर्दथे भने आज २०३४ मा आएर केवल ५ परिवारले ढलोटको काम गरि रहेका छन् ।

यहाँ वस्ने समुदायका मुख्य पेशा कालिगढी अब नरहेको तथ्याङ्क संकलनबाट देखिन्छ । हाल शाक्यहरूमा १५ जना नोकरी गर्दछन्, १२ जना व्यापार गर्दछन् । व्यापारमा आफैले नबनाइकन, भारत, यू. पी. स्थित मिर्जापुर जिल्लाबाट आयात गरिएका भाडाकुंडाहरू वेच्दछन् । ४ परिवारहरूमा भने मिर्जापुरी भांडाकुडाहरू वाहेक आफैले वनाई भाडाहरूको वेच विखन पनि गर्दछन् । टक्सारमा आज केवल एक जना मूर्ति वनाउने कालिगढ वांकी रहेका छन् । शाक्यहरू मध्ये केवल दुई परिवारले व्यापारको अतिरिक्त खेती पनि गर्दछन् । अतः आर्थिक दृष्टिकोणले जनसंख्याको अनुपातमा यहाँका बासिन्दाहरूको आर्थिक स्थिति खास राम्रो देखिदैन । दैनिक जीवनका आवश्यकताहरूको आपूर्तिको लागि शाक्यहरूले दिनप्रतिदिन आफुलाई कमजोर पाएको महशुस गर्दछन् र कालिगढी अर्थात ढलोटका काममा मात्र आफुहरूलाई सीमित राख्दैनन् । नयाँ वातावरण र परम्परागत पेशाको विखण्डनको प्रारम्भ भैसकेकोले र सामाजिक मूल्य र मान्यताले पनि नयाँ मोड लिन थालेकोले परम्परागत पेशाको आधारशिला क्षीण भएको देखिन्छ ।

सामाजिक जीवनमा ढलोटका कामदारहरूको परिवारलाई केही हेयको रुपमा हेर्ने प्रवृत्तिको उदय भएको छ । ढलोटको काम सुनार र कामीको जस्तै हो भन्ने सामाजिक मान्यताले गर्दा केही परिवारहरूले आफ्नो इज्जतको खातिर पनि छाड्न थालेको पाइन्छ । युवक युवतीहरूले त कामै छोडी सोही पढ्न र कसैले मिर्जापुरी भाडाहरू नै वेच्न मन पराउदछन् । आइमाईहरूको पनि ढलोटको काम गर्ने परिवारमा ठूलो भूमिका रहन्छ । चर्खामा ढलोटलाई ढालेपछि चमक दिदा प्रायः चर्खालाई उनीहरूलेनै घुमाइकन काम गर्दछन् । लोग्ने मान्छेहरूले यस्ता काम गर्ने आइमाईहरूको वक्ष सुक्छ र विवाह गर्दा समस्या परेको छ भनेको पाएँ । विहावारीमा केटाले पनि ढलोटको काम गरेको छ भने केटी नपाउने गरेको बुझियो । यसवाट के स्पष्ट हुन्छ भने उनीहरूको परम्परागत कामलाई नयां युवकयुवतीहरूले समाजले उनीहरूलाई तल्लो जात कामीको काम गर्ने भन्ने धारणां लिन लागेकोले छाड्ने गरेको बुझिन्छ । यो वंश पछि टक्सार टोलमा प्रायः सवैले चाँडैने कालिगढीको काम छाड्ने प्रक्रिया देखिन थालेको छ । तर व्यापार र जीविकोपार्जनको लागि र ढलोटको काम दुईवाट आठ फायदा हुने भएको र लुम्बिनी गुरु योजना लागु भएपछि बुद्धमार्गी यात्रुहरूको चित्र र पर्यटकहरूको करुवा र अन्य कांसका भांडाहरूको माग बढेकोले पुनः यस कामको जागरण हुने लक्षण पनि देखा परेको छ । मिर्जापुरवाट आयात गरि ल्याएको मेसिनवाट निर्मित्त सस्तो मुल्यका कसौडी, करुवा, अंखरा, लोटा थाल र ऐलमुनियमका भांडाकुडाहरू विक्री गर्दा नै फायदा हुने र छुट्ट हेर्दा टलक र चमकदार भएकोले यात्रुहरूले पनि किन्ने गर्दा यहाका ढलोटका कालिगढहरूले आफ्नो परिश्रम गर्ने अभ्यासलाई छाड्दै गएको बुझिन्छ । यसरी २०१६ साल सम्म १०० जवान कालिगढी काम गर्थे भने आज केवल १० जवानले गर्ने गरेको देखिन्छ ।

नगरीय वातावरणको आगमन, यातायातको सुविधा, शिक्षाको प्रसार, श्री ५ को सरकारबाट प्रारम्भ गरिएको भूमिसुधार कार्यक्रम, कर प्रक्रिया, बन योजना अनि अन्य कतिपय कारणले गर्दा संयुक्त परिवारको विखण्डन तोडिएर जानु र जीविकाको लागि जागीरे र अन्य पेशा लिन मूल घर छाड्न पर्ने कारणबाट पनि कालिगढी पेशामा ठूलो परिवर्तन भएको हो। कालिगढी पेशालाई संस्थागत रूप दिन श्री ५ को सरकारको तर्फबाट बराबर प्रयाश गरिएको देखिन्छ तापनि राम्रो प्रशासनको अभाव र व्यवस्थाको अभावबाट यो पेशामा लागेका मूर्तिकार, शिल्पकारहरूको सीप त्यसै खेर गएको हो भन्न सकिन्छ।

परिवार:

यहाँको बांडा समुदायको सामाजिक जीवन र संगठनको केन्द्र विन्दु नै परिवार हो। यस समुदायको पेशाको आधारमा तथ्याङ्क हेर्दा अझै पनि धेरै मात्रामा संयुक्त परिवार पाइन्छ। यो समुदायको जम्मा ३७ परिवार संख्या मध्ये २७ संयुक्त परिवार र १० मात्र एक्लो किसिमको परिवार रहेको देखिन्छ। संयुक्त परिवारको आधिक्य भैरहेतापनि बदलिंदो सामाजिक परिवेश, प्रतिकूल परिस्थिति, आर्थिक असामंजस्यता अनि यातायातको सुविधाबाट प्राप्त व्यापारिक भविष्य र बद्लिंदो पेशागत जीविकोपार्जनको उपायले गर्दा एक प्रकारको प्रत्येक परिवारमा अलग्गिने परम्परा बन्दैछ। आगामी बर्षहरूमा यो प्रक्रिया क्रम बढ्ने संभावना रहेको पाइन्छ।

आमावावुलाई संतानको इच्छा र आफ्नो वंशजको हांगा बढाउने र स्वर्गमा गएपछि वैतरिणी तर्ने आशा एवं विश्वासले गर्दा एक स्थायी परिवारको उत्पत्ति हुन्छ। शाक्य, वज्राचार्य (वा बांडा) परिवार पनि पैतृक प्रधान हो। वंशानुक्रम पुरुषको थर र गोत्रबाट नै शुरु गरिन्छ। पुरुष प्रधान परिवार भए पनि सामाजिक जीवनमा नारीको सक्रिय भूमिका रहन्छ।

जन्म:

कुनै पनि परिवारमा संतान हुनु भन्दा अगाडि देखिनै सबै भन्दा पहिले छोराको जन्म भएमा बेस मानिन्छ। प्रथम पल्टमा छोरो भयो भने खुशीयाली मनाउने र भोजमा प्रचूर मात्रामा खर्च गरिने प्रचलन थियो। तर आजभोली आर्थिक कमजोरीले गर्दा भोजको खर्चमा कटौती गर्न लागेको देखिन्छ।

बालक जन्मेको छ दिनको दिनमा छैंठी मान्ने प्रचलन छ। यो दिन वज्राचार्य पुरेतले शुद्धाशुद्धीको पूजाआजा गर्दछन्। आफ्ना नजिकैमा रहेका छोरीवेटीलाई भोज खान निम्त्याइन्छ। ६ दिनकै दिन न्वारान गर्ने र नाम राख्ने चलन छ। भोजमा मासु पनि खुवाइन्छ। छोराको पास्नी छ महिनामा र छोरीको पाँच महिनामा गरिने चलन छ। केटाकेटी अवस्थामा पनि परिवारका अन्य सदस्यहरूलाई कालिगढी कार्यमा सहयोग गर्दथे। त्यसैले प्रत्येक परिवारको आम्दानीमा प्रत्येक सदस्यको परिश्रम हुन्थ्यो। तर कालिगढी पेशालाई शिक्षाले गर्दा केटाकेटीहरूबाट खोसेको छ। अब प्रायः प्रत्येक परिवारको केटाकेटीलाई पाठशालामा पठाइन्छ। यसले गर्दा परिश्रमको कमी र परम्परागत पेशामा असर पारेको छ।

टक्सारका बाँडा समुदायमा शिक्षाको कमी भएको देखिन्छ।

उपनयन:

कुनै पनि केटाको ५ वर्षको उमेर देखी १२ बर्षको उमेर भित्र उपनयन गर्नु पर्दछ। यस्को मतलब के हो भने यस समुदायको रीति स्थिति अनुसार भिक्षु बन्नु पर्दछ। यसलाई यहाँ मोक्ष पाउने विधि मानिन्छ। यसको क्रम चार दिन सम्म चल्छ र यी चार दिन सम्म भिक्षु हुनेले नुन माछा मासुको सेवन गर्नु हुदैन। २०११ साल देखि शाक्यहरूको एक सामूहिक रूपमा चुडा कर्म समिति बनेको छ। यो समितिले आफ्नो समुदायका उमेर पुगेका केटाहरूको सामुहिक रूपमा चुडा कर्म गर्दछन्। समितिले प्रत्येक सदस्यबाट रू. ५।– चन्दा उठाउँछ। यसरी समितिबाट रकम खर्च गरी गरिने उपनयनमा २।३ हजार रुपैंया खर्च गरिन्छ। उपनयनमा मन्त्र सुनाइन्छ र यसलाई निंग भनिन्छ।

## विबाह, उत्सव र पारपाचुके

नेवार समुदायमा जस्तै बांडा समुदायमा पनि विवाहको लागी आवश्यक बरवन्दोवस्त गर्नु पर्ने अभिभारा

आमा–बाबुकै प्रधान हुन्छ काठमाडौं उपत्यकामा बस्ने यस्ता समुदाय र नेवार समूहमा नगरीय प्रभाव र आधुनिक युगको रफ्तारले गर्दा सामाजिक जीवनमा निक्कै परिवर्तन आइरहेको छ र पाश्चात्य शिक्षा, आर्थिक विकास र स्थिति, राजनैतिक व्यवस्थाको प्रभाव र औद्योगिकरणले गर्दा नेवार समुदायमा पनि आमाबाबुले भनेका कुराहरूलाई शनैः शनैः युवा जगतले अलि अलि नसुन्ने गरेको पाइन्छ। तर तानसेनमा अझै यस्तो प्रकारको परिवर्तन आई नसकेको देखिन्छ। पहिले बुढापाकाले आफ्नो छोरी बेटी दिंदा केटाको हात हेरेर कालिगढी काम गरेको छ छैन, भए मात्र छोरी दिन्थे। आज त्यस्को ठीक विपरीत भएको छ।

परम्परागत संस्कृति अनुरुप विवाहको लागी साधारणतया केटी सोह्र सत्र बर्ष पुगेको र केटा उन्नाइस बीसको हुनु पर्छ। पारिवारिक हाड नाताको लेखाजोखा गरेपछि लमीले केटाले र केटीको संबन्धको लागी मध्यस्थता गर्दछ। त्यसपछि यहाँका बाडा समुदायमा केटाको मामा दाई वा भाई केटीलाई अंतिम रूपमा माग्न जान्छन्। त्यस पछि केटा र केटीको जन्म कुण्डलीको अध्ययन गरिन्छ। अन्तिम रूपमा केटी र केटाको विवाह छिन्दा केटीको घरमा १० वटा सुपारी, फलफूल र सिन्दूर लगिन्छ। त्यसको साथ साथै केटीको लागी एक थान चोलो पनि लगिन्छ। चोलो लैजाने परम्पराको अर्थ विहावारी पक्का हुने भयो र बैना दिएको हो भन्ने विभिन्न आइमाईहरू र पुरुषहरू संगको मेरो अन्तर्वार्ताबाट स्पष्ट भएको हो। माग्न गएका सदस्यहरूलाई राम्रो संग खुवाउने गरिन्छ। केही व्यक्ति र आइमाईहरूको भनाई अनुसार त्यसै दिन केटीले सिन्दूर लगाउँछन् भन्ने बुझिन्छ।

सगुन पठाउने:

व्यावहारिकतालाई समाजमा अनुकूल बनाउनको लागि तय गरेको दुई तिन महिना भित्र ठीक मिति तय हुन्छ। विवाहको मिति भन्दा चार दिन अगाडि लाखामरी, चोलो, सिन्दूर केटा तर्फबाट केटीतर्फ लैजानु पर्छ। यसको साथसाथै हुनेले एक जोर गहना पनि लग्दछन्। तोकेको दिन आउन्जेल सम्म दुवै तर्फ विवाहको लागी सरसामान र भोजको लागि चाहिने खाद्य पदार्थको वर वन्दोवस्तमा लाग्दछन्।

जन्ती:

जन्तीमा यति मान्छे ल्याउने भन्ने कुरा केटीको आमाले तोकेकी हुन्छ। जन्तीमा खास संख्या तय गरेर लैजाने परम्पराले गर्दा खाद्य पदार्थ बढी भै फ्याँक्नु पर्ने स्थितिको अन्त्य गर्ने यस्तो नियम बसालिएको हो। जन्ती को साथै ब्याउलाले सगुन (उपहार) पनि लगेको हुन्छ। ब्याउला र जन्तलाई ब्याउलीका आमा–बाबु, दाईभाईले स्वागत गर्दछ। ब्याउलीको बाबुले ब्याउलालाई तामदानबाट वराल्छ र तीनपल्ट सम्म पानीले छर्कदै ब्याउलाको चारैतिर घुम्दछ। त्यतिबेला गणेशको पूजा गरिन्छ। सांचो र पानी एकै ठाउँमा राखेर ब्याउलालाई भात्री सासुले घर भित्रको पूजा गर्ने ठाउँमा लैजान्छे। पूजा आजा गर्ने काममा अग्रसर हुने बज्राचार्य पुरेत हुन। पूजा आजाका विधिहरू समाप्त हुन्छन्। त्यतिबेला ब्याउलीका आमा–बाबु, नातेदारहरूले केटा (ब्याउला) लाई हातमा केही रूपैंया राखो दिन्छन्। यस समुदायको विवाह पद्धति र व्यबहारमा चल्तापुर्जा काम गर्ने आईमाईकै स्थान महत्वपूर्ण रहेको देखिन्छ। केटीले ब्याउलाको हातमाथि सदा आफ्नो हाथ राख्ने गरेको पाइन्छ।

जन्तीमा आएका सम्पूर्ण सदस्यहरूलाई मासु, रक्सी राम्रोसंग खुवाइन्छ। ९ वर्षको उमेरमा केटीको विवाह भै सक्नेहुनाले यस विवाहलाई दोश्रो विवाह भन्ने चलन छ। ब्याउला (ज्वाई) ले पैसा राखेर सासु ससुरालाई ढोक भेट गर्ने चलन यहाँ अद्यावधि रहेको पाइन्छ।

अर्को दिन दुलहीलाई लिएर दुलाहा आफ्नो घरमा जान्छ।

यहांका बाँडा समुदायको विवाह परम्परा र विधिमा प्रचूरमात्रामा हिन्दु प्रभाव र स्थानीय प्रभाव परेको छ। काठमाण्डौ उपत्यकाका यस्ता समूदायमा जस्तै विवाह

विधिमा नियमवद्धता (रिजिडिटी) नरहेको देखिन्छ ।

पारपाचुके:

काठमाण्डुका समुदायमा जस्तै १० वटा सुपारी फर्काए-पछि पारपाचुके गर्ने चलन यहाँ पाईदैन । पारपाचुके ज्यादै थोरै मात्रामा भएको देखिन्छ ।

## श्री ५ को सरकारले लागू गरेको सामाजिक कुरीति हटाउने नियमको प्रतिक्रिया र असर

श्री ५ को सरकारले उपयुक्त समयमा सांस्कृतिक चाड पर्व, उपनयन, विवाह आदिमा फजूल खर्च गर्न सीमा निर्धारण गरेकोमा यस समुदायका सदस्यहरूले अनुकूल प्रतिक्रिया जनाई स्वागत गरेको पाइन्छ । समाजको अपवादको डरले छोरीवेटीको विवाह देखि लिएर अन्त्येष्ठी क्रिया सम्मको भोज भतेरमा ऋण लिई निम्त्याउने प्रचलन यस ऐनले निष्क्रिय तुल्याई सकेको छ ।

त्यस्तै गरि मुलुकी ऐन, नारी वर्षमा आएका सुधार-हरूले नारी जगतमा चेतना पनि ल्याउन थालेको देखिन्छ ।

## शाक्य समुदाय र नेवार समाज

नेपाल अधिराज्यको एकीकरण भन्दा धेरै बर्ष अगाडि देखि विभिन्न गाउँमा छरिएर रहेका विभिन्न समुदाय-हरूको जनसंख्या, वसोवास गर्ने तरीका, आर्थिक स्तर-लाई हाम्रो देशको भौगोलिक विभिन्नताले ठूलो असर पारेको छ । यस भौगौलिक विभिन्नता र कठिनाईले गर्दा हाम्रा समाजमा अनेकौं किसिमका जीवन यापन गर्ने तरीका, सामाजिक मूल्य र मान्यता र संस्कृतिको जन्म भएको हो । त्यति वेला देखिनै ठूला साना उपत्यका-मा रहने वासिन्दाहरूले आफ्नो आफ्नो संस्कृतिलाई अक्षुण्य र चोखो राख्दै आएका थिए । आजको जस्तो विश्वको ढोकासंग संवन्ध हुने कुनै उपाय थिएन त्यति वेला । त्यसैले हामी आज आधुनिक विचारधारा र पाश्चात्य सभ्यताको प्रभावमा पनि दिन दिनै रूमल्लिदै रहेका छौं ।

नेपालमा जात प्रथाको प्रारम्भ हिन्दु तथा बौद्ध मार्गी दुवै समुदायमा श्री ५ बडा महाराजाधिराज पृथ्वी नारायण शाहको काल भन्दा पनि पहिले देखिनै चलि आएको हो । जात प्रथालाई बलियो आधार र कडा नियममा ढाल्ने काम १४ औं शताब्दीमा जयस्थिति मल्लले गरेका हुन् । विभिन्न जातहरूको परिवार बिच विवाहवारी एकदमै बन्द भयो र दुई प्रकारका जात प्रथाको नेपालमा अभ्युदय भएको पाइन्छ–यसरी जातको विभाजन दुईथरी धर्मको आधारमा भयो र शिव मार्गी र बुद्ध मार्गीको सूत्रपात भयो ।

भिक्षुहरू जसले धार्मिक तथा पवित्र भक्तिको वाटोमा लागी जीवन विताउथे अब भारतीय उपमहाद्विपका ब्राह्मण र क्षत्रिय हुने आफ्नो अठोटको प्रारम्भ गरे । त्यसै अनुरूप उनीहरूले आफुलाई माथिल्लो जातको बनाए । अनि उनीहरूले ब्राह्मण विधि र नियमको आधारशिलामा आफ्नो विवाह पद्धतिको सूत्रपात गरे । परिवार भए, आफ्नो जीवनको निर्वाहका लागी पुरेतको काम गर्न थाले र विहार तथा मठका संपत्तिहरूको प्रयोग गर्न थाले । त्यस पछि नेवार समुदाय– सबै साधारण जनताको जात प्रथाको जन्म पनि भइहाल्यो । अब गुभाजु र बज्राचार्य पढेका, ज्ञान भएका भिक्षु भनिन लगे । शाक्य भिक्षु वा बांडाहरू चाही अलि धेरै नपढेका र ज्ञान नभएका समुदायमा गनिन थाले । यिनीहरूले सुनारको काम र ढलौटको काम गर्ने पेशा अपनाउन थाले । त्यसैगरी नेवारी समुदाय वा अन्य थरहरूको जन्म हुदै भयो ।

प्रोफेसर लेभीले वज्राचार्य, गुभाजु र भिक्षुहरूले कसरी विभिन्न तरीका र धार्मिक प्रकृतिबाट आफुलाई पुरेत र कालिगढी कार्य गर्ने बनाउदै लगे भन्ने कुरा आफ्नो नेपाल संवन्धी पुस्तकमा लेखेका छन् । विभिन्न धर्म र पूजा आजाको आधार र जातको जगमा आफ्ना परम्परालाई बनाउंदै लैजाने वज्राचार्यहरूले ब्राह्मण पुरेतले जस्तै आफुलाई बनाउदै गए । अब बुद्धमार्गीहरूमा

पनि एक थरी माथिल्लो जातको पुरेत जातको श्रृष्टि भएको पाइन्छ ।

मानवशास्त्री प्रो. हेमेन्डोर्फले पनि उनको नेपाल संवन्धी पुस्तकमा नेवार जातिले पनि आफ्नो सामाजिक मूल्य र मान्यतामा जाती प्रथाका सवै गुणहरू समावेश गरेको छ भनेका छन् । नेवारी जातिहरूमा जस्तै शाक्य वंशजहरूमा पनि समाजमा ईज्जत, राजनैतिक शक्ति, धन र उन्नति धर्म र जाति प्रथाकै आधारमा भएको पाइन्छ । टक्सार टोलमा रहेका गुभाजुहरू पनि धन कमाएकाहरूले ढलोटका काम छाडिसकेका देखिन्छन् र त्यस्ता परिवारले ढलोटको काम गर्ने आफ्नै समुदायलाई आफु भन्दा तल्लो स्तरको संझन्छन् । त्यसैको परिधिमा राखी आफ्ना छोरीवेटीहरूको विबाह पनि उनीहरू संग हुन दिदैनन् । यो यहांका शाक्यहरूमा सामाजिक मान र प्रतिष्ठा बढाउन कत्तिको धन र शक्तिले काम गरेको छ भन्ने एक उदाहरण मात्र हो । नेवार समुदाय भित्रका टक्सारका केही ज्यापु परिवारले हाल धन आर्जन गरेकोले उनीहरूले आफुलाई श्रेष्ठ भन्दछन् । यसबाट यो समाजमा पनि सामाजिक मान्यताको खुड्किलोमा चढ्न धन कमाएका तर जातको तथाकथित तल्लो घेरामा वस्नेले गर्ने गरेको प्रमाण पाइन्छ । तानसेनमा र खासगरी टक्सारमा केही पुरेत वज्राचार्य छन् जसले सामाजिक स्तरमा जैले पनि जातको आधारमा आफुलाई शाक्य तथा अन्य नेवार थरहरू भन्दा माथिल्लो जातको भनि व्यवहार गर्दछन् । यसरी हामीले टक्सारमा पनि सामाजिक वनोटको आधार पत्ता लगाउदा धर्म र जातको माथिल्लो र तल्लो भन्ने भावना भएको पायौं ।

टक्सार टोलका शाक्यहरूको मुख्य धर्म वौद्ध धर्म हो भनिएतापनि त्यही टोलमा रहेको गणेशको मन्दिरबाट उनीहरू गणेशलाई पनि पुजा गर्दछन् भन्ने छर्लङ्गिन्छ । हिन्दु धर्मको प्रभाव उनीहरूमा निकै परेको तथ्य त्यहाँ मनाइने अन्य चाडवाडमा झल्किन्छ ।

## धर्म, गुठी र पर्वहरू

धर्म:

यहाँका सवै समुदायहरू जसले ढलोटका काम गरि रहेका हुन वा अन्य पेशा, आफ्नो धर्म मानेको पाइन्छ । प्रो. हेमेन्डोर्फको भनाई अनुसारको प्रयोगबाट यहाँ पनि हिन्दु धर्म मान्ने समूह र वौद्ध धर्म मान्ने समूहलाई मैले पुरेत राख्ने चलनवाट केही हद सम्म मात्र छुट्टचाएको छु । शाक्यहरू वा टक्सारका अन्य श्रेष्ठ, उदास, नकर्मी, नाउँ वा कसैं समुदायहरूले आफ्नो आफ्नो परम्परा अनुसार पुरेत राख्दछन् । शाक्यहरूले गुभाजु (वज्राचार्य) पुरेत राखेको पाइन्छ । गुभाजु पुरेत राख्नेलाई वौद्ध धर्म मान्ने र अन्य वाहुनलाई पुरेत मान्नेलाई हिन्दु धर्म मान्ने गरि छुट्टचाउन सकिन्छ । शाक्यहरू प्राय: सवैले गुभाजुलाई नै पुरेत मान्दछन् । अन्य नेवार समुदायले भने ब्राह्मण पुरेत राखेका छन् । टक्सार बस्तीको आकार हेर्दा र यहां अन्य समूह जस्तै नकर्मी, ज्यापु, उदास, नाउ, श्रेष्ट, ज्यापु, सुनार, बाहुन सवै वसेको देखिंदा यो वसाई पनि जात प्रथाको आधारमा कार्यको विभाजनमा धर्म र वर्णको जगमा बनेको देखिन्छ । यहांका शाक्यहरूमा त्यसैकारणले होला अन्य समुदायको प्रभाव दैनिक जीवन र सांस्कृतिक नियममा भएको पाइन्छ । तर आजभोलि एक दुई धनी बौद्ध धर्मालम्वीहरूले पनि आफ्नो कर्म, पूजा आजा र पर्वमा वाहुनहरूलाई मान्ने गरेको देखिन्छ । यसको अतिरिक्त यही वस्तिमा गणेश र भगवान स्थानको मन्दिर भएबाट पनि यहाँका वासिन्दाहरू पनि नेपाली धार्मिक सहिष्णुता (हिन्दु र वौद्ध धर्मको समन्वय) मा विकसित भएको पाइन्छ ।

गुठी:

टक्सारमा वस्ने शाक्य र वज्राचार्यहरूको दुई गुठीहरू छन् । ती गुठीहरूको नाम गणेश स्थान गुठी र भगवान स्थान गुठी राखिएको छ । माथी गणेश स्थान क्षेत्रमा परेका घरका परिवारहरू गणेश स्थान गुठी र तल्लो पंक्तिमा रहेका परिवारहरूको गुठी भगवान स्थान गुठी हो । एक गुठीमा २० परिवार रहेको पाईन्छ । यस गुठीमा पनि भोज भतेरमा कुनैमा मासु माछा चल्ने, कुनैमा मासु माछा चल्ने, कुनैमा चल्ने गरेको छ । भगवान स्थानको गुठीमा परिवार संख्या हाल कम छ र यो वज्राचार्यहरूको गुठी हो यहाँ वज्राचार्यहरूको परिवार संख्या जम्मा १० रहेको छ । यहांका वासिन्दाहरूका भनाई अनुसार

गुठीमा धेरै परिवार नराख्नाको कारण भोजमा धेरै खर्च लाग्छ भनेर नै हो । तर सामाजिक परिस्थिति र पुरेतहरूले आफुलाई माथिल्लो चोखो तहमा राखेकोले बेग्लै गुठी बनाएको भन्ने अनुमान गर्न सकिन्छ ।

सामाजिक जीवनको सन्दर्भमा गुठीको ठूलो महत्व भएको र यस संस्थाबाट यहाँको नेवार समुदायको जन्म, विवाह, मृत्यु जस्ता परम्परामा ठूलो आर्थिक टेवा र आपस आपसमा आधार दिने गरेकोले गुठी बारे केही भन्नु आवश्यक देखिन्छ ।

गुठी भनेको वास्तवमा उपत्यकाका वा अन्य सबै गुठी भएका समुदायमा पारस्परिक सहयोगको आधार खडा गर्ने एक संस्था हो । कुनै कुनै समूहमा गुठीलाई समाजसुधार र कल्याणकारी गुठी मानिन्छ । तर प्रायः धेरै समुदायहरूले यसलाई एक धार्मिक संस्था, जसमा देवताको पूजा, पाठ र भोज गर्ने संघि गुठीलाई सीमित परिधिमा राखेको पाइन्छ । तर गुठी एक त्यस्तो संस्था हो जसले समाजको निमित्त, जनकल्याणकारी र समाज उत्थानको लागि अनेक प्रकारका कामहरू संचालन गर्दै आएको देखिन्छ । त्यसैले हामीले गुठीलाई एक बहु उद्देश्य भएको सामाजिक संस्था-को रूपमा मान्न सक्छौं । काठमाडौं, भादगाउँ र पाटन-बाटै धेरै जसो यस भेगका बासिन्दाहरू बसाई सर्दै आएका-ले यहाँ पनि गुठी प्रथा आएको हो । गुठी प्रथाले गर्दा यहांका धेरै परिवारहरूलाई आर्थिक चाखबाट अलग्याई समुदायको संरक्षण र उत्थान एवं रक्षातिर अग्रसर गरा-एको पाइन्छ । यहाँ पनि प्रत्येक ब्यक्ति दुई गुठी मध्ये एक गुठीको सदस्य भएको पाइन्छ । कुनै गुठीको पनि सदस्य नरहनुको मतलब त्यस समुदायबाट अलग रहनु हो भन्ने धारणा अद्यावधि पनि भएको पाइन्छ । समाज मान-वहरूको समुदाय भएकोले उसको जीवनको उथल पुथल, दुःख सुखमा सहयोगको आवश्यकता पर्दछ । सहयोग बाट बनेको काम मितव्यय, कम समय र कम परिश्रम बाट संपन्न गरिन्छ । अर्को पक्षमा विचार गर्ने हो भने सांसारिक उदासीनता र थकाईबाट अलग रहन समाजको प्रत्येक सदस्यलाई वखतमा मनोरंजनको पनि आवश्यकता-पर्दछ । तर धेरै बर्ष अगाडि किन, हालै सम्म याता-यातको अभावले समाजको विकासको क्रम पनि ज्यादै मधुर थियो । सबै कुराको आपूर्तिको लागि गुठीको रूप आएको हो । पूजा आजा, वृत, मेला, पर्व र विवाह आदि-मा गुठीको महत्व दिन प्रति दिन बढेको थियो । केही बर्ष अगाडि सम्म आजभोलि जस्तो वैज्ञानिक ढङ्गले कुनै काम गरिन्न थियो । जससाई जे जे जरुरत पर्थ्यो उसैले नै गर्नु पर्ने हुँदा त्यस ब्यक्तिलाई धेरै कठिनाई ब्यहोर्नु पर्थ्यो । यि माथीका कुराहरू बाहेक कुलो बनाउनु, ढल बनाउनु, बाटो बनाउनु, ठाउँ ठाउँमा पाटीपौवा बनाउनु, देवताको मन्दिरको जीर्णोद्धार गर्नु आदि गुठी बाटनै गरिन्थ्यो र आजभोलि पनि केही हदसम्म भैरहेको छ । यस समुदायमा रहेका दुबै गुठीमा नियमा-बद्ध गरिएको छ । प्रत्येक गुठीका सदस्यलाई नियम लागु गरिन्छ ।

टक्सारका यी समुदायहरूमा आजभोलि गुठी केही हद सम्म निष्क्रिय हुन लागेको छ भन्ने बुझिन्छ । यसको मुख्य कारण समुदायका सदस्यहरूको परिवर्तित मनो-भावना हो ।

सिद्धार्थ राजमार्ग निर्माण भएपछि तानसेनका बासिन्दाहरूले कुनै व्यक्तिको मृत्यु भएपछि दाह संस्कार गर्न रानीघाटमा लैजान छाडे । रानीघाटमा मानिस बोकेर लैजान पर्थ्यो र गुठीबाट मान्छे आउँथे । अब दाह संस्कार गर्न सिद्धार्थ राजमार्गको राम्दीघाटमा सडकबाट मोटरमा लगिने चलन आएको छ । मोटरमा लैजान सकिने हुनाले गुठीयारहरू हिंडेर बोकेर रानीघाट तिर लाश लैजान चाहन्नन् । यसले गर्दा राम्दीघाटसम्म पुग्न मोटर भाडा ३००/– चाहिन्छ । यो पैसा उठाउन गुठीयारहरूको सदस्यता कम भएकोले मुश्किल परेको देखिन्छ । अब गुठीलाई यस्ता यस्ता कुराले गर्दा र आर्थिक अवस्थाले गर्दा तोड्ने प्रक्रिया बनाउन थालेको देखिन्छ । टक्सारमा यो एक समस्याको रुपमा केही समय अघि एक जना गुठीयारको मृत्यु संस्कारको बेलामा परेको रहेछ ।

अन्तमा आएर गुठी जस्तो समाज सुधारक र कल्याण-कारी संस्थाको कार्य, विखण्डन भैरहेको आभास देखिए तापनि केही हुने खाने र जान्ने सुन्ने सदस्यहरूले यसलाई बचाई राख्ने प्रयास गर्नेछन् भन्ने आशा गर्न सकिन्छ ।

## पर्वहरू

यहाँको शाक्य एवं बज्राचार्य समुदाय अनि नेवार समुदाय सबैको पर्वहरू आफ्नो सांस्कृतिक तरीकाबाट मनाउने प्राचीन सभ्यतानै भएको छ।

सबै बाँडा समुदायले दिवालीपूजा वैशाखदेखि असार सम्ममा मनाउनु पर्ने रहेछ। यसलाई उनीहरूको स्थानीय भाषामा देगु पूजा भन्दछन्। आफ्नो आफ्नो थर अनुसारको पारिवारिक ईष्ट देवता मनाउँछन्। मातातीर्थ, औंशी, बाबुको मुख हेर्ने पर्व काठमाडौंमा ऊँ मनाइन्छ। तर काठमाडौं उपत्यकाबाट बसाई सरी आएदेखि यहाँ खास कडाईको साथ मनाईदैन। यहाँका वासिन्दाहरूको पर्वहरूको सीमा फराकिलो हुनुको कारण विभिन्न समुदाय संगको सामाजिक घुलमिलले गर्दा हो भन्न सकिन्छ।

श्रावण महिनामा शाक्यहरूले गुँला धर्म पूरा माछा मासु, रक्सी नखाइकन मनाउने चलन छ। यो महिनामा प्रज्ञा वरामिता पाठ, नाम समति पाठ गरिन्छ। श्रावण महिना भित्र एक पल्ट पंचदान गरिनु पर्दछ। पंचदानमा वस्त्र, अन्न, फल, घर र धन दान गरिन्छ। वस्त्र दानको रुपमा धागो, घर दानको रुपमा माटो दिइन्छ। त्यसै गरी यहाँ गाईजात्राको दिनमा नगर भरि भएका देवताको पूजा गरिन्छ।

यहाँ परम्परा देखिनै दशैं मनाइन्छ। फूलपातीमा लुसुकुसु भन्ने प्रचलन छ र मासु विधिवत तयार पारेर सेवन गरिन्छ। अष्टमीको दिनमा भगवतीको पूजा, मोहिनी टीका स्थापना गर्ने गरिन्छ। यसलाई स्वनेगु भनिन्छ। नवमीमा पनि स्याकु टचाकु भन्ने विधि गरी बेग्लै पूजाका साथ बलि चढाइन्छ।

महाचैत्य विहारः

टक्सार टोलमा १९८४ साल देखि एक मात्र चैत्य विहार थियो। त्यतिबेला यो विहार केवल एक साधारण पौवा थियो। २०१२ सालमा यसलाई सबैको सहयोगबाट पूर्ण विहारको रुपमा परिणत गरियो। त्यति नभएर २०२२ सालमा पुनः जीर्णोद्धार भएर यो एक सुन्दर विहार भएको छ। यसप्रकारका धेरै व्यक्तिहरू बेलुकी राती गफ, कुराकानी र कुनै भजन आदि, सभा आदि गर्ने ठाउँ यही नै भएको छ।

यही बौद्ध धर्म संबन्धी प्रचार प्रसार गर्ने र नेवारी भाषाको प्रसार गर्ने एक ज्ञानमाला संघ रहेको सुनिन्छ। यो संघ खास सक्रिय छैन।

बुद्ध पूर्णिमाः

यही विहारबाट बुद्ध पूर्णिमाको दिन तानसेनमा भएका सबै बुद्ध धर्मालम्वीहरू मिलेर दिउँसो चार बजे तिर बुद्धको ठूलो चित्र राखी जुलूस पूरा शहरको मुख्य मुख्य ठाउँमा लगिन्छ। यो जुलूसमा मैले करीब २०० जवानको संख्या देखेको थिएँ जसमा गेरु वस्त्र लगाएर भजन गर्दै हिंडेका ४ जना महिला भिक्षु पनि थिए। यस जुलूसमा नगरका शाक्य तथा बज्राचार्य परिवारका नारीहरू पनि निकै थिए। जुलूस भित्राएपछि प्रसाद बांडिएको थियो। पूर्णिमाको अघिल्लो दिन तानसेनका विभिन्न स्कूल र क्याम्पसका छात्रहरूको बीच हाजिरी जवाफको प्रतियोगिता भएको थियो। त्यसपछि विभिन्न गण्यमान्य व्यक्तिहरूले प्रवचन दिएका थिए। प्रतियोगितामा विजयीलाई एक शिल्ड प्रदान गरिने चलन छ।

## ढलौट तथा कांसका भांडा बनाउने विधि

आवश्यक सामग्रीः

सबै भन्दा पहिला कालिगढले कुनै पनि वस्तु बनाउनु भन्दा अगाडि नमूनाको निश्चय गर्दछ। नमूना बनाउनको लागि मयनको आवश्यकता पर्दछ। मयनको नमूना कालिगढले आफ्नै हातले बनाए पछि नमूनालाई गोलाकार घुम्ने चर्खामा राखेर खराज (कुँदने) काम गरिन्छ र त्यसपछि त्यसैमा गोबर र माटो मिसाइन्छ। गोबर माटोले चारैतिर लिपेपछि त्यसलाई पुनः भूस र माटो मिसाई बनाइएको संमिश्रणले लेप लगाइन्छ। यस्तो लेप एक पल्ट लगाउँदै घाममा सुकाउँदै तीनपल्ट सम्म लगाउनु पर्दछ।

देवल माटो:

देवलमाटो पनि भांडा बनाउने आवश्यक साधन मध्ये एक हो। देवलमाटो भनेको धमिराले गुँड बनाएको माटोलाई भनिन्छ । देवलमाटोको संगसंगै विधि पुऱ्याउन कालो र रातो माटो पनि चाहिन्छ। देवल माटोले मयनको बनेको वस्तुको नमूनालाई तीन पल्ट सम्म लेप दिइन्छ । त्यसपछि कालो माटो, रातो माटो र भूस मिसाएर बनेको संमिश्रणले लेप लगाइन्छ । अब यो नमूना घाममा सुकाइन्छ र बनाउने बस्तुको नमूनाको रुप तयार गरिन्छ। भांडा बनाइने नमूनाको शिरान (टुप्पामा) एउटा ढालनको लागी चाहिने प्वाल (नाल) बनाइन्छ । त्यसपछि यसको माथिल्लो टुप्पो मयन देखिने गरी छुरीले काटिन्छ । त्यस नालबाट गालेको रांग र तामा खनाइन्छ । मयन पग्लेर एक ढिक्को बन्दछ र नमूनाले वस्तुको आधार लिन्छ। यसरी गालेर खनाई सकेपछि नमूनालाई केही दिन सम्म सेलाउन दिनुपर्छ। सेलाएपछि उक्त भाँडालाई चमक दिनको लागी माटो भूसको भागलाई निकाली दिनुपर्छ। यो निकालेको माटो र पग्लेको मयन पुनः काममा लगाउन पनि सकिन्छ । कांसको भाँडालाई चर्खामा एक जनाले समातेर रेंत लगाएको जस्तो चक्क दिन थालिन्छ। चर्खा चलाउने काम र माटोको लेप लगाउने काम आइमाईले गरिरहेको पाइन्छ । जति चर्खा घुमाएर चक्क दियो त्यतिनै कांसको भांडा टलकने हुन्छ। तानसेनमा एक कालिगढले ठुण्डै एक करुवा तैयार गर्न ४.५ दिन समय लगाउँछ ।

## टक्सारको ढलौटको कामको विस्तार

मल्लकालीन समय देखि एक दुई परिबारको वसांई सराई प्रारम्भ भए देखिनै यस ठाउँमा मूर्तिकला, कांसको कामबाट भाँडा कुंडाको तयारी गरिने व्यापार शुरु भएको हो। पाटन र काठमाडौं उपत्यकाबाट वसाईं सर्दै एक पछि अर्को परिवारहरू यतै वा गोर्खा जस्ता जिल्लावाट विवाहवारी गर्दै आई घरजम गरेको बुझिन्छ । आफ्नै समुदायमा रहने स्वभाव र अभ्यासको फलस्वरुप र घर बनाउने सामानहरू सस्तो र जीवनयापन गर्ने अनुकूल परिस्थिति पाएर टक्सारमानै कालिगढहरूको व्यवस्थित रूपमा व्यवसाय बढेको देखिन्छ। यही ठाउँमा त्यत्ति वेलाको राज्यको पैसाको टक काटिने भएको र कालिगढी काम, मूर्तिकला संवन्धी काम यहाँकै निवासीबाट हुने भएकोले राज्यबाट प्रश्रय पनि पाएका थिए । तानसेनबाट पश्चिमी पहाडका जनसंख्यालाई भांडाकुंडाको वितरण गरिन्थ्यो। व्यापारमा फायदा थियो, त्यसैले कालिगढी पेशा प्रति आकर्षण बढनु स्वाभाविकै थियो । कांस र ढलौट जस्ता सामानहरू र कच्चा पदार्थहरूको प्राप्ति, गोल र जनशक्तिको पनि राम्रो व्यवस्था भएकोले काठमाडौं उपत्यका पछि मूर्तिकला र अन्य ढलोटका चित्र कुंदने, मन्दिरको गजूरहरू बनाउने, करुवा, थाल, तथा अंखरा जस्ता भांडाहरू, कांसका अन्य कुरा जस्तै बत्ति वाल्ने पानस खार, सुराई, हुक्का अनि मन्दिरका विभिन्न भागहरू यहाँकै कालिगढहरूले कुँद्न थाले । काठमाडौं, पाटन र भादगाउँ पछि पाल्पाका कालिगढहरूलेनै मूर्तिकलामा प्रसिद्धि पाए । सांच्चै भन्ने हो भने स्थानीय उद्योगको सूत्रधार गर्ने प्रेरणा यिनै समुदायबाट प्राप्त भएको हो ।

वि. सं. १९६५ मा टक मार्ने काम यहाँ वन्द भयो। त्यस पछि १९६४ मा यहाँ आगलागी भयो । यो आगलागी भयंकर उग्र थियो र यहाँ भएका सय घरहरू खरानी भए। घरहरूको छाना सबैको खरको थियो। सुनिन्छ त्यस पछि पनि एक पल्ट आगलागी भयो र पूरा घरहरू टिनको गराउन थालियो ।

वि. सं. १९९७ सालमा कांसको अभाव र कच्चा पदार्थ नभएकोले यो पेशामा लाग्नेलाई निकै संकट सहनु परेको देखिन्छ। त्यत्तिवेलानै भारतको उत्तर प्रदेश प्रान्तको मिर्जापुर जिल्लाबाट पाल्पामा मिर्जापुरे कांसको कचौरा र अन्य भांडाहरू आउन थाल्यो। यता कच्चा पदार्थको अभाव हुनु– भारतबाट कच्चा पदार्थ भन्दा तयारी भांडा कुडा आयात गरिनु सांच्चैनै यो व्यवसायलाई धक्का दिने उपाय थियो । मिर्जापुरका कचौरा केही सस्ता भएकोले पहाडी परिवारहरूले किन्न थाले । यस्तो अवस्था देखेर तानसेनका केही प्रतिष्ठित र समाजसेवीहरू मिलेर मिर्जापुरबाट कचौरा र थालहरू आउन थालेको र कांस र कच्चा पदार्थको अभाव भएको कुराको जानकारी

तात्कालिन प्रधान मंत्री जुद्ध शमशेर ज. व. रा लाई दिए। त्यसपछि जुद्ध शमशेरले काठमाडौं उपत्यकावाट कांश तानसेन जान दिनु र कांशवाट बनेका भांडा कुंडाको कर १०% (प्रतिशत) लगाई छाडी दिने आदेश दिएका थिए। दश प्रतिशत कर तिरेर भएपनि मिर्जापुरी भांडाहरूको प्रवेश प्रारम्भ हुदै गयो। यसबाट के देखिन्छ भने वि. सं. १९७७ देखि नै मिर्जापुरको कांशका भांडासंग यहाँको ढलौटको उद्योगलाई प्रतिद्वन्द्विता गर्नु पर्‍यो। कच्चा पदार्थको अभाव, परम्परागत शिल्पकारहरूको पेशामा परिवर्तन र प्रशासनवाट समयमा प्रोत्साहन नभएबाट यो पेशा क्षीण हुदै गएको देखिन्छ। त्यत्तिबेलाको राजनैतिक र सामाजिक अवस्था वदलिदै गए तापनि २००७ साल पछि पनि श्री ५ को सरकारले यसलाई गंभीर रूपमा सोच्न सकेन। आज कांशको काम गर्ने कालिगढको संख्या सय बाट दश भएर गएको छ। मिर्जापुरे काँशले वजार लिएको देखिन्छ। कच्चा पदार्थमा भारतवाट रोक लगाइएको छ। बद्लिदो आर्थिक तथा सामाजिक परिस्थितिले गर्दा तानसेनमा अत्र २।४ करुवा सिवाय अन्य भांडाहरू नबन्ने भएको छ। आजभोलि एल्मुनियमका भांडाहरू धेरै प्रचलित भएका छन्। यसो हुनुको कारण कांशको मूल्यमा वृद्धि र अभाव हुनु नै हो। टक्सारमा हाल एक जना मात्र मूर्ति ढाल्न सक्ने व्यक्ति छन्।

ढलोटको काम गर्ने स्थानीय प्रतिभालाई वचाउने समस्या वारेमा टक्सारकै भू. पू. रा. पं. स श्री पूर्णमान शाक्यले स्वर्गीय श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रमशाहलाई सरकारको पाल्पा भ्रमणको समयमा विन्ति चढाउनु भएको थियो। त्यत्ति वेला स्व. श्री ५ महाराजाधिराज महेन्द्र सरकार यस्तो शीपको वचाउको लागी एक लाखको निकासा दिई यो व्यवसाय गर्नेलाई ऋणको व्यवस्था गरिदिने हुकूम वक्सेको थियो। यो कुरा लेखकलाई श्री पूर्णमान शाक्यले सुनाउनु भएको हो।

वि. सं. २०२१–२२ सालमा स्वर्गीय श्री ५ महेन्द्र सरकारको हुकुम भएपछि यो कामलाई सामूहिक रुपमा गर्ने भनेर टक्सार टोल र स्थानीय जिल्ला प्रशासनको निगरानीमा एक समिति गठन भएको थियो। त्यत्तिवेला श्री ५ को सरकारबाट रू. ५२,०००।– (वाउन्न हजार) निकासा भएको रहेछ। यही रकमबाट सबैले आफ्नो आफ्नो घर जेथा वंधक राखेर ऋण लिएर कांशको काम गर्ने, अंखरा, करुवा तथा अन्य ढलौटको काम गर्ने प्रोत्साहन पनि पाएका रहेछन्। तर केही समय पछि समितिमा र टोलमानै आपस आपसमा राग, रिस र द्वेष आरम्भ भएको बुझिन्छ। पैसाको हिनामिना भयो र प्रशासनको हस्तक्षेप भएपछि यो समिति खतम भयो। त्यसपछि यहाँका केही सदस्यलाई थुनामा पनि राख्नु परेको रहेछ जसले गर्दा आज कालिगढहरू सरकारी रकम ऋणको रूपमा पनि लिन डराउँछन्।

वर्तमान स्थितिः

आपसको वैमन्यस्यता, सरकारी व्यवस्थाको अभाव, कच्चा पदार्थको अप्राप्यता, गोलको महंगीको कारणले गर्दा यो व्यवसाय शिथिल भएकै छ। तर लुम्बिनी विकासको गुरू योजना र काठमाडौंवाट पर्यटकहरूको आवागमन र उनीहरूको कांशको करुवाको माँग बढ्दै गएकोले यो व्यवसाय गर्नेले बढी मेहनत गर्ने र छाड्नेले पुनः काम प्रारम्भ गर्न लागेको देखिन्छ। वजारमा भाउ बढ्नु र मांग अनि उचित मूल्य पाइन्छ भन्ने ठानेर यसको व्यापार वृद्धि हुने निश्चित देखिन्छ।

अतः श्री ५ को सरकारको संबन्धित विभागले ऋणको सहुलियत र कच्चा पदार्थको व्यवस्था गरिदिएमा ढलोटको र कांशका कामहरू पुनः स्थापित हुने छन्। श्री ५ को सरकारले तानसेन स्थित माध्यमिक विद्यालयमा मूर्तिकला र ढलोटको काम गर्ने एक वेग्लै विषय समावेश गराई दिएमा पनि यस व्यवसायको पुनर्जागरण हुने छ।

आजभोलि तानसेनमा विजुलीको ब्यवस्था भएकोले केही कालिगढहरूले विजुलीवाट चल्ने मोटरको प्रयोग पनि गर्न लागेको देखें। मेरो अध्ययन ताका एक जनाले मात्र मोटर जडान गर्न लागेका थिए। मोटर जडान गरेर प्रयोग गर्दा उनीहरूलाई विजुली संवन्धी काम र शीपमा ज्ञान नभएकोले भय लागीरहेको मैले पाएँ। चर्खाबाट चमकदार पार्दा सामान राम्रो भएपनि समय र मेहनत धेरै लाग्नाले कालिगढहरू मोटर किन्न प्रस्तुत छन्। एक मोटरको चार हजार सम्म पर्दछ। यस्को

लागी श्री ५ को सरकारले सहुलियत र प्राविधिक सहयोग प्राप्त गराउन सकेमा यस स्थानीय उद्योगको विकास दिन प्रति दिन बढ्ने विश्वास गर्न सकिन्छ ।

आजभोलि कच्चा पदार्थ कसरी प्राप्त भैरहेछः

भंसारको झंझट, महंगी र जनशक्तिको अभावले गर्दा कांशको मांग गाउँघर तिरवाट पुराना चरेश र कांशका भांडाहरू किनेरनै पूरा गरिन्छ । केहीमात्रामा रांग र तामा मिसाएर कांसको तयारी स्थानीय परिवारहरूले पनि गर्दछन् । यहाँ वनाइने कांशमा एक भाग तामामा दश भाग रांग मिसाइन्छ । यसरी बनाएको कांशलाई यहां दुई नम्वरी कांश भन्ने चलन छ । दुई नम्वरको कांश चाहीं फुटेको कांशको भांडाकुंडालाई गालेर बने पछि पनि भनिन्छ । आज सम्म पहाडका गाउँवरबाट यस्ता कांशका भांडाहरू प्राप्त भैरहेका छन् । यस्तो कांश यहाँका कालिगढले आफुले किन्दा प्रति किलो ४०।– रु. मा लिने गरेको बुझिन्छ ।

त्यसैगरी कालिगढी काम गर्नेहरूले पुरानो विग्रेको चरेशका थाल जुन चाहीं शुद्ध हुन्छ, लाई एक नम्वरको कांश भन्दछन् । यस्तो एक नम्वरी कांश चाहीं च्याप्टो थाललाई मानिन्छ । यसको प्रति किलो रू ५०।– पर्दछ । कालिगढले यसबाट बनेका करुवा प्रतिकिलो रु. ९०।– देखि १००।– सम्म मूल्यमा बेचेको देखिन्छ ।

आजभन्दा दश वर्ष अगाडि कच्चा तामा धार्नीको जम्मा रु. १०।५० पर्दथ्यो भने आज २०३४ मा प्रतिकिलो तामाको रु. ६०।– पर्दछ । त्यसै गरी रांगको मूल्य दश वर्ष अगाडि प्रति दश ग्रामको रु. ३।– थियो भने आज ।५० पैसा मात्र छ । रांग सस्तो भएपनि तामामा अति मूल्य वृद्धि भएको छ । त्यसै गरी ढलोटको काम गर्दा नमूना बनाउन मैन चाहिन्छ । यो मैन (वाक्स) पनि दश वर्ष अगाडि प्रति धार्नी रु. ४ मा प्राप्त हुन्थ्यो भने आज रू ५०।– पर्दछ । कालिगढ परिवारमा को संग बढी कांश र चरेशका सामान छ र कसले ज्यादा भांडाहरू विक्री गर्न सक्छ भन्ने बुझ्ने र हेर्ने प्रवृत्ति भएको पाइन्छ ।

## ढलौटका र काँसको भांडाकुंडा बनाउने कामदारहरूको समस्या, सुझाव र भविष्य

ढलोटका कामः कांशका भांडाकुँडाहरूः

करूवा, अंखरा, सुराई, पानस, हुक्का तथा देवी देवताका मूर्तिहरू, मन्दिरका गजुर र घण्टाहरू वनाउने काममा नेपालमा तानसेन प्रसिद्ध छ र तानसेनमा टक्सार प्रख्यात छ ।

परम्परागत तरीकाबाट बन्दै आएको व्यापार, कालिगढको जीविकोपार्जनको पेशा बद्लिदो परिस्थितिमा ह्रास भैरहेको छ । प्रशस्त माँग र वजार हुँदा हुँदै पनि काँसको काम गर्नेहरू र ढलौटको कालिगढ अनि मूर्तिकलाको शीप लोप भैरहेको कारण कच्चा पदार्थको अभाव, कांश र ढलौटको मूल्य वृद्धि, सस्तो, मेसिन निर्मित मिर्जापुरे भांडाकुंडाको आगमन र गोलको कमी नै हो । त्यसको अतिरिक्त शिक्षाको अभावमा ढलौटको काम गर्नेलाई तल्लो जातको कामीको काम गर्ने भन्ने सामाजिक प्रचलन र यस्तो काम गर्नेलाई विहा गर्न केटाकेटी नदिने बढ्दै रहेको सामाजिक चलन पनि यस क्षेत्रको विकासमा अवरोध उत्पन्न गर्ने श्रोत भएका छन् ।

यस्को समाधानको लागी शिक्षाको प्रचार, ढलौट र मूर्तिकलाको लागी नयाँ शिक्षा योजना अनुसार व्यावसायिक प्रशिक्षणको तानसेनमा व्यवस्था गराई दिने, गोलको सट्टा विजुलीको प्रयोगबाट मोटर लगाउने, कच्चा पदार्थको समुचित मूल्यमा आयात, र ऋणको राम्रो सजिलो उपाय गर्नु पर्ने देखिन्छ । श्री ५ को सरकारले ऋण दिंदा धेरै ब्याज नलिने र व्यक्ति व्यक्तिलाई प्रोत्साहन गर्ने हो भने पर्यटनको बढदो विस्तार भएको यो भगवान वुद्ध जन्मेको अंचलमा कालिगढका प्राकृतिक शीप मर्ने थिएन । हाम्रो वैदेशिक धन कमाउने साधन यहाँबाट उत्पादित कांशका करुवा, साना साना चरा, तथा अन्य कलाकृतिहरू हुनेछन् । ढलौटको व्यापार तथा पेशाको अवस्था केही वर्ष देखि ह्रास भएको भएपनि लुम्बिनीको दर्शनार्थ जाने यात्रुहरू तानसेन भएर जाने गरेकाले अब मांग बढ्दै जाने आशा गर्न सकिन्छ ।

## सहायक ग्रन्थ तथा पत्रपत्रिकाहरू

1. Bista D. B.– People of Nepal.
2. Evans- Pritchard, EE (1940): The Nuer, Oxford, London.
3. Junker, B. H. (1960): Field Work, University of Chicago Press.
4. Haimendorf, Fuerer (Ed): Caste and Kin in Nepal and Cylon, Asia Publishing House, 1966
5. Herskovites, M. S.– Acculturation: A study of Cultural Contact, 1938
6. Kirkpatrick, W:– An Account of Kingdom of Nepal, London, W. Muller 1811.
7. Malinowski, B(1922 : Argonauts of Western Pacific, London.
8. Murdock, G.P. (1945): Outline of Cultural Material, Yale Anthropological Studies Vol. II
9. Mayer, A.C:– Caste and Kinship in Central India, 1960.

१०. श्रीनगर (सामयिक संकलन, पाल्पा):– संकलन १ वैशाख २०२९.

११. श्रीनगर: संकलन ८, २०३०–१९७४, बर्ष २.

१२. विनोद प्र. श्रेष्ठ:– पाल्पा: (आर्थिक एवं भौगोलिक अध्ययन): २०३१.

१३. प्राचीन नेपाल: अंक १७, २०, २१, २३

१४. श्रीप्रसाद गौतम: "तानसेनको दिग्दर्शन" गोरखापत्र, चैत्र ७, २०२९.

१५. मेची देखि महाकाली भाग ३.



इनरुवाको नरसिंह मूर्ति